# भैरवी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## भैरिकालिकाथुम, दैलेख

# शिलवन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. ५/२०७६/०७७**

**प्रथम पटक प्रकाशित मिति : २०७६/०८/२२**

यस भैरवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भैरिकालिकाथुम, दैलेखले तपसिल वमोजिमका कामहरू शिलवन्दी बोलपत्रको माध्यमबाट आगामी २०७७ जेठ मसान्त भित्र निर्माण गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट देहायको शर्तहरूको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र अन्नपूर्ण पोस्ट् दैनिकमा प्रकाशित मितिले ३० औं दिन भित्र कार्यालय समयमा नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७५/०७६ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय संचारको माध्ययमबाट बोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal **www.ppmo.gov.np** मा गई थपजानकारी प्राप्तगर्ने, बोलपत्र **Download** गर्ने र बोलपत्र दाखिला गर्न सकिने छ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम शिलवन्दी बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानी पत्र (विडवण्ड) वा यस कार्यालयको नाममा सिभिल बैंक लि. भैरवी शाखामा रहेको ग ३ ०६६१०१८२९०६०४७ धरौटी खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैंक भौचर शिलवन्दी बोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरूलाई सहजीकरणको लागि भैरवी गाउँपालिका, गाउँकार्यपालिका कार्यालयको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन (प्राविधिक शाखा) मा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटबाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत विक्रेताले बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको सिभिल बैंक लि. भैरवी शाखामा रहेको संचित खाता नं ग ४१ ०६६१०१८२९०६०१२ मा र धरौटी वापतको रकम जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ । शिलवन्दी बोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंकको ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा घटीमा सम्झौदा म्याद समाप्त हुने मितिले १३ महिना (३९० दिन) महिना म्याद भएको कार्य सम्पादन बैंक जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा शिलवन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्यादनाघि आएको वा अन्यकुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. संयूक्त उपक्रम (Joint Venture) को रूपमा बोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरूको एउटा संयुक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयूक्त उपक्रममा सबै फर्महरूको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका साझेदारहरूको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयुक्त उपक्रममा समावेश भएका फर्महरूले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. जुन फर्मको नामवाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ ।

९. कुनै बोल पत्रदाताले E-Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिनवा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ ।

१०. E-Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूले अनिवार्य रूपमा बोलपत्र खोलिने मितिले सातदिनभित्र आफुले पेश गरेको बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कल प्रति (HARD COPY) यस कार्यलयमा पेश गर्नुपर्ने छ ।

११. बोलपत्र पेश गर्ने व्यवसायीले आफु यो कामगर्न योग्य छु भनि स्वःधोषणापत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

१२. बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँकार्यपालिका कार्यालयमा निहित रहनेछ ।

१३. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

१४. अन्य कुरा बुझ्नु परेमा यस गाउँकार्यपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

१५. दरभाउपत्र दस्तुर रू. ३,०००।०० यस कार्यालयको सिभिल बैंक लि. भैरवी शाखा स्थित राजश्व खाता नं. ग ४१ ०६६१०१८२९०६०१२ मा जम्मा गरेको सक्कल भौचर साथ माथि उल्लेखित कागजातहरू संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म खरिद गर्न सकिने छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट र कन्टीन्जेन्सि वाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ५/२०७६/०७७ | १ वडा कार्यालय भवन निर्माण कार्य | ७०,७८,६७४.४४ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| २ | ६/२०७६/०७७ | ३ वडा कार्यालय भवन निर्माण कार्य | ७०,६७,९१०.२५ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| ३ | ७/२०७६/०७७ | ४ वडा कार्यालय भवन निर्माण कार्य | ७०,६९,७०४.२८ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| ४ | ८/२०७६/०७७ | ५ वडा कार्यालय भवन निर्माण कार्य | ७०,८४,०५६.५४ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| ५ | ९/२०७६/०७७ | ६ वडा कार्यालय भवन निर्माण कार्य | ७०,७७,१७९.४२ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| ६ | १०/२०७६/०७७ | ७ वडा कार्यालय भवन निर्माण कार्य | ७०,७२,६६४.३३ | ३,०००.०० | २१२,०००.०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |

**मोहनप्रसाद देवकोटा**

प्रमुख प्रशासकीय अधिकृत